नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
प्रहरी महानिरीक्षकको सचिवालय

फोन: ०१-४७१९८०२, ०१-४७१९८०३
Ext: ०१-४७९१९००, १११, ११२

पो.ब.नं. ४०७
नक्साल, काठमाडौं

पत्र संख्या : (०८२/०८३) च.नं. :-

मिति : २०८३।०३।३० गते
ने.सं.: ११४६

प्रा.प.सं. :

**विषय : प्रेस विज्ञप्ति**

हाल केही सञ्चार माध्यम तथा सामाजिक सञ्जालमा "ट्राफिक प्रहरीले जरिवाना काटे वापत २५ प्रतिशत विशेष भत्ता प्राप्त गर्दै आएका छन्" भन्ने आशयका समाचार तथा टिप्पणीहरू प्रकाशित/प्रसारित भइरहेका सम्बन्धमा नेपाल प्रहरीको गम्भीर ध्यानाकर्षण भएको छ।

ट्राफिक प्रहरी कर्मचारीले ट्राफिक नियम उल्लघंन गरे वापत गरिने जरिवाना सिधै नेपाल सरकारको राजश्व खातामा दाखिला हुने व्यंवस्था रहेको सो वापत नेपाल सरकारबाट कुनै पनि अतिरिक्त शुल्क (सुविधा) ट्राफिक प्रहरीले प्राप्त गर्ने कानुनी व्यवस्था नरहेको व्यहोरा जानकारी गराउँदै तथ्य र आधिकारिक जानकारी बिना अनुमानका आधारमा समाचार तथा टिप्पणी प्रकाशित वा प्रसारित हुँदा आम नागरिकमा भ्रम सिर्जना हुने, सार्वजनिक संस्थाप्रतिको विश्वासमा नकारात्मक असर पर्ने तथा प्रशासनिक प्रक्रियालाई अनावश्यक रूपमा विवादित बनाउने अवस्था उत्पन्न हुन सक्ने भएकाले यस्ता अपुष्ट, भ्रामक तथा तथ्यहीन सूचनाको पछि नलाग्न नेपाल प्रहरी सम्पूर्ण सञ्चार माध्यम, सामाजिक सञ्जाल प्रयोगकर्ता तथा सरोकारवाला सबैमा अनुरोध गर्दछ।

नेपाल प्रहरी सबै सञ्चार माध्यम तथा सामाजिक सञ्जाल प्रयोगकर्ताहरूलाई समाचार तथा सूचना प्रकाशन/प्रसारण गर्नुअघि सम्बन्धित निकायबाट तथ्य पुष्टि गर्न तथा जिम्मेवारीपूर्वक सूचना सम्प्रेषण गर्न समेत अनुरोध गर्दछ।

**अबि नारायण काफ्ले**
**(प्रहरी नायव महानिरीक्षक)**
**केन्द्रीय प्रहरी प्रवक्ता**